annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १५४ पृष्ठ ८ | काठमाडौं, मंगलबार १५ असोज २०८१ | आश्विन कृष्णपक्ष चतुर्दशी नेपाल संवत् ११४४ | TUESDAY, OCTOBER 1, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित| मूल्य : रु. १०



बीपी राजमार्गमा अलपत्र यात्रुहरू पहिरो छिचोल्दै। चार दिन हिँडेर उनीहरू सोमबार धुलिखेल आइपुगेका छन्।

कभर स्टोरी

# ४ दिन हिंडेरै राजधानी

बिहीबारदेखि परेको अविरल वर्षाले राजधानी जोड्ने मुख्य नाका अबरुद्ध भए। काम विशेषले राजधानी हिँडेका र छोडेका यात्रु बीच बाटोमा अलपत्र परे। पृथ्वी राजअन्तर्गत झ्याप्लेखोलामा ३ सवारी साधन पुरिए। ३५ को ज्यान गयो। त्यस्तै, राजधानी जोड्ने अर्को मुख्य बीपी राजमार्गका विभिन्न खण्ड पहिरोले अबरुद्ध भए। यात्रु अलपत्र परे। तत्काल सडक सुचारु हुने अवस्था नदेखेपछि चार दिन हिँडेरै यात्रु काठमाडौं आइपुगे। यात्रामा उनीहरूले भोगेका दुःख र पीडा भने भनिसाध्य छैनन् । उता, मुग्लिन- नागढुंगा-पृथ्वी राजमार्गका यात्रुले भोगेका सास्ती पनि कम छैनन्। उक्त राजमार्ग सोमबार साँझबाट एकतर्फी सञ्चालनमा आएको छ।

रोजन तामाङ | *काभ्रे*
लक्ष्मण पोखरेल | *बुटवल*
भवानी अधिकारी | *स्याङ्जा*
केशरराज क्षेत्री | *बुटवल*
राजन गाउँले | *सिन्धुली*
प्रताप ओली | *बझाङ*
भवानी खड्का | *दोलखा*
सरोज पौडेल | *मकवानपुर*

– को रिपोर्ट

समाचार पृष्ठ २

# ३ दिन राष्ट्रिय शोक, झन्डा झुकाइने

**काठमाडौं** (अन्नपूर्ण) : बाढी-पहिरोमा दुई सयभन्दा धेरैको ज्यान गएपछि सरकारले राष्ट्रिय शोकको घोषणा गरेको छ। सोमबार बसेको मन्त्रिपरिषद् बैठकले राष्ट्रिय शोकको घोषणा गर्दै तीन दिन राष्ट्रिय झन्डा झुकाउने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले बताए।

त्यस्तै मृतक परिवारलाई जनही २ लाख राहत उपलब्ध गराउने निर्णय सरकारले गरेको छ। राहत तथा उद्धारका लागि अर्थ मन्त्रालयले १ अर्ब उपलब्ध गराउने निर्णयसमेत गरिएको छ। मन्त्री गुरुङका अनुसार प्रधानमन्त्री दैवीप्रकोप राहत कोषमा मन्त्रिपरिषद्का सदस्यहरूको एक महिनाको तलब जम्मा गर्ने निर्णयसमेत गरिएको छ।

त्यस्तै राहत र उद्धारका लागि सरकारले प्रदेश र स्थानीय तहसँग समन्वय गर्ने आह्वान पनि गरेको छ। त्यस्तै बाढी-पहिरोका कारण घाइते भएकाहरूलाई निःशुल्क उपचार र उपचारमा कुनै कमी हुन नदिने निर्णयसमेत भएको मन्त्री गुरुङले बताए।

त्यस्तै, सडक, खानेपानी, दूरसञ्चार, विद्युत् लगायतका संरचनामा पुगेको क्षतिबारे सम्बन्धित मन्त्रालयले प्रतिवेदन बुझाउने निर्णयसमेत गरिएको छ।

त्यस्तै प्रभावित जिल्लामा अनुगमन टोली गठन गरेर खटाउन गृह मन्त्रालयलाई निर्देशनसमेत दिइएको मन्त्री गुरुङले बताए।

यसैबीच प्रधानमन्त्री केपी शर्मा ओलीले मंगलबार पत्रकार सम्मेलन गर्ने भएका छन् । संयुक्त राष्ट्रसंघको महासभामा भाग लिएर सोमबार स्वदेश फर्किएका ओलीले विशेष पत्रकार सम्मेलन गर्ने भएका हुन्। प्रधानमन्त्री ओलीले देशमा गएको प्राकृतिक विपत्तिका विषयमा पत्रकार सम्मेलन गर्न लागेको प्रधानमन्त्री कार्यालय स्रोतले जानकारी दिएको छ।

